# छत्रदेव जनस्वास्थ्य गतिविधी

## छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाद्वारा २०८२ आश्विन महिनामा सञ्चालित गतिविधिहरुको सङ्गालो

वर्षः २ | अंकः १६ | महिनाः कार्तिक

### यस सामग्रीमा समावेश भएका विषयवस्तुहरुः

*१. २०८२ आश्विन महिनामा सञ्चालित क्रियाकलापको विवरण*

*२. छत्रदेव गाउँपालिका जिल्लामै उत्कृष्ट सम्बन्धी ,*

*३. भाद्र महिनामा सञ्चालित सेवा तथा कार्यक्रमको प्रगति सम्बन्धी ।*

### २०८२ आश्विन महिनामा छत्रदेव गाउँपालिका स्वास्थ्य शाखा द्वारा सञ्चालित क्रियाकलापहरुः

*१. स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा गोष्ठी सम्पन्न ।*

*२. PAMS V2 सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न ।*

### मासिक समीक्षा गोष्ठी सम्पन्न

छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू तथा प्रमुख प्रशासकीय अधिकृतज्यूको आतिथ्यता, स्वास्थ्य शाखा प्रमुखको अध्यक्षता, गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था प्रमुखहरुको सहभागितामा भाद्र महिनाको मासिक समिक्षा बैठक २०८२ आश्विन ८ गते सम्पन्न भएको थियो । छत्रदेव गाउँपालिकामा सम्पन्न बैठकमा भाद्र महिनामा स्वास्थ्य संस्थाहरुमा सञ्चालित क्रियाकलापहरुको समीक्षा गरिएको थियो । महिनाभर सञ्चालित क्रियाकलापको प्रभावकारिता सम्बन्धमा आवश्यक छलफल गरी सुझाव लिनेदिने कार्य गरिएको थियो । स्वास्थ्य संस्थाहरुले DHIS-2 मा तथ्याङ्क प्रविष्टी गर्ने कार्य पुरा गरेकोले स्वास्थ्य शाखाबाट भेरिफकेशन गरी तथ्याङ्कमा देखिएका समस्याहरुको बारेमा सुधारका लागि पृष्ठपोषण दिने लिने कार्य गरिएको थियो ।

उक्त बैठकमा स्वास्थ्य शाखाबाट औंल्याइएका सवल एवम् सकरात्मक कुराहरुलाई निरन्तरता दिँदै दुर्वल पक्षहरुमा सुधार गर्दै लैजाने र गाउँपालिकाको स्वास्थ्य शाखा र मातहतका स्वास्थ्य संस्थाहरुबाट सञ्चालन हुने क्रियाकलापहरु तथा सेवालाई थप व्यवस्थित बनाउँदै लैजाने निर्णय गरिएको थियो । चाडपर्वको समयमा खानपान सम्बन्धी स्वास्थ्य समस्या आउन सक्ने भएकाले सो सम्बन्धी जनचेतनामूलक क्रियाकलाप सञ्चालन गने निर्णय गरिएको थियो ।

### छत्रदेव गाउँपालिका जिल्लामै उत्कृष्टः

छत्रदेव गाउँपालिका आ.व. २०८१/०८२ को जिल्ला स्तरीय वार्षिक समीक्षामा मुख्य-मुख्य सूचक एवम् कार्य सम्पादनका आधारमा अर्घाखाँची जिल्लाका स्थानीय तहहरुमध्ये उत्कृष्ट/प्रथम स्थानीय तह बन्न सफल भएको छ । नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय/स्वास्थ्य सेवा विभागले स्वास्थ्य सम्बन्धी विभिन्न सूचक अनुसार प्रगति हासिल गर्न हरेक वडा तथा स्थानीय तहका लागि वार्षिक लक्ष निर्धारण गरी उपलब्ध गराएको हुन्छ । सोही लक्षका आधारमा कार्यक्रमको प्रगति विश्लेषण गर्ने गरिन्छ । स्थानीय तहबाट सञ्चालित विभिन्न नविनतम क्रियाकलापहरु, लक्ष तोकिएका विभिन्न सूचकबमोजिमका क्रियाकलापको प्रगति, स्वास्थ्य शाखाको कार्यसम्पादन र समन्वय, संघ/प्रदेश/स्थानीय तहबाट प्राप्त बजेट तथा कार्यक्रमको भौतिक एवम् वित्तिय प्रगति लगायतका आधारमा स्थानीय तहहरुबीच प्रतिस्पर्धाको भावना जागृत गराउने गरी मूल्याङ्कन गर्न लुम्बिनी प्रदेश, स्वास्थ्य निर्देशनालयले विभिन्न मापदण्ड निर्धारण गरी १०० अङ्कमा मूल्याङ्कन हुँदा छत्रदेव गाउँपालिकाले आ.व. २०८१/०८२ को कार्य सम्पादनका आधारमा ७५.७४ अङ्क सहित जिल्लामा प्रथम स्थान हासिल गरेको हो । यस सफलताका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबैलाई स्वास्थ्य शाखाको तर्फबाट धन्यवाद प्रकट गरिएको छ ।




## छत्रदेव गाउँपालिका तथा मातहतका निकायहरुबाट २०८२ आश्विन महिनामा प्रदान गरिएका सेवा सम्बन्धी विवरण

| क्र.सं. | विवरण | सेवाग्राहीको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | नयाँ सेवाग्राही | ९२६ | ६५९ | १५८५ | |
| २ | जम्मा सेवाग्राही/नयाँ तथा पुरानो | १६०७ | ११०३ | २७१० | |
| ३ | किशोर किशोरी सेवाग्राही संख्या | १४३ | १६४ | ३०७ | |
| ४ | ज्येष्ठ नागरिक सेवाग्राही | ४४४ | ४१४ | ८५८ | |
| ५ | बहिरंग सेवाका सेवा ग्राही नयाँ | ७८७ | ५०५ | १२९२ | |
| ६ | बहिरंग सेवाका सेवा ग्राही पुरानो | ३८६ | ३३४ | ७२० | |
| ७ | नियमित खोप सेवा प्रदान गरिएको | | | १९० | |
| ८ | पूर्ण खोप पाएका बालबालिका | | | २० | |
| ९ | बृद्धि अनुगमन गरेको नयाँ ०-२३ महिनाका बालबालिका | | | १७ | औषत भेट २२ पटक |
| १० | बृद्धि अनुगमन गरेको पुराना ०-२३ महिनाका बालबालिका | | | ४०० | |
| ११ | कम तौल भएका बालबालिका संख्या | ० | २ | २ | |
| १२ | पहिलो पटक गर्भजाँच गरेको संख्या | ८ | | ८ | |
| १३ | प्रोटोकल बमोजिम चार पटक गर्भजाँच गरेको संख्या | १८ | | १८ | |
| १४ | २० बर्ष मुनिका गर्भवती संख्या | २ | | २ | |
| १५ | प्रोटोकल बमोजिम आठ पटक गर्भजाँच गरेको संख्या | १५ | | १५ | |
| १६ | स्वास्थ्य संस्थामा प्रसूति संख्या | ७ | | ७ | |
| १७ | स्वास्थ्य संस्थामा CB-IMNCI मा सेवा दिएको | ७७ | ७८ | १५५ | |
| १८ | कण्डम वितरण गोटा | | | ६४२० | CPR 36.97 % |
| १९ | प.नि. साधन नयाँ प्रयोगकर्ता | २६ | | २६ | |
| २० | प.नि. साधन नयाँ प्रयोगकर्ता <२० बर्ष | ० | | ० | |
| २१ | प.नि. साधन लगातार प्रयोगकर्ता | ८३८ | ८५ | ९२३ | |
| २२ | यस महिनामा दर्ता भएका क्षयरोगी | ० | १ | १ | |
| २३ | यस महिनामा दर्ता भएका कुष्ठरोगी | ० | ० | ० | |
| २४ | गाउँघर क्लिनिक | | | ३६६ | |
| २५ | म.स्वा.से. | | | १५२५ | |
| २६ | विपन्न नागरिक उपचार कोष सिफारिस | ० | ० | ० | |
| २७ | प्रदेश स्वास्थ्य उपचार विशेष सिफारिस | ० | ० | ० | |

जिल्ला स्तरीय वार्षिक समीक्षामा स्थानीय तहहरुमध्ये प्रथम स्थान हासिल गरी स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपाने सम्मान ग्रहण गर्दै ।








**सम्पादक:**
**बुद्धि राम न्यौपाने**
**जनस्वास्थ्य अधिकृत**
**छत्रदेव गाउँपालिका**